# वस्तु, सुविधा र सेवाहरूको प्रावधान र अन्य क्षेत्रहरूमा स्तनपानसँग सम्बन्धित भेदभाव र दूर्व्यवहार सम्वन्धी हातेपर्चा



19 जुन 2021 बाट लागू हुने गरी, हङकङका सबै महिलालाई लिंग भेदभाव अध्यादेश (SDO) अन्तर्गत स्तनपान भेदभाव र दूर्व्यवहारबाट संरक्षण गरिएको छ। संरक्षणले रोजगार र सम्बन्धित क्षेत्रहरूका साथसाथै अन्य क्षेत्रहरूलाई समेट्छ, जस्तै:

- वस्तु, सुविधा र सेवाहरूको प्रावधान
- शिक्षा
- परिसरको व्यवस्थापन वा नियन्त्रण (विक्री)
- क्लबहरूमा सहभागिता
- सरकार

## स्तनपानको परिभाषा

SDO अन्तर्गत, स्तनपान गराउने कार्यलाई निम्नानुसार परिभाषित गरिन्छ:

- आफ्नै बच्चा भए वा नभएतापनि बच्चालाई स्तनपान गराउने कार्यमा संलग्न भएकी कुनै महिला।
- स्तनबाट दुध निकाल्ने कार्यमा संलग्न भएको महिला।
- बच्चालाई आफ्नो स्तनको दूध खुवाउने तर संम्वन्धित भेदभावको कार्य हुँदा  दूध नखुवाइरहेकी कुनै महिला।

## स्तनपान भेदभाव, दूर्व्यवहार र अत्याचार  भनेको के हो ?

स्तनपान भेदभाव, दूर्व्यवहार र अत्याचार प्रष्ट रूपमा फरक प्रकारका कार्यहरू हुन्। सक्छन्।

*प्रत्यक्ष भेदभाव* – यसको अर्थ महिलाले स्तनपान गराइरहेको कारण तुलनात्मक परिस्थितिहरूमा उक्त महिलालाई अर्को व्यक्ति (स्तनपान नगराइरहेको महिला वा पुरूष) भन्दा कम अनुकूलपूर्ण व्यवहार गर्ने भन्ने हो।

**उदाहरण:** एमीले आफ्ना साथीहरूसँग रेस्टुरेन्टमा लन्च गर्दै छिन्। उनले आफ्ना साथीहरूलाई भेट्न आफ्नो नवजात शिशु आफूसँगै ल्याएकी छिन्। उनले आफ्नो बच्चालाई स्तनपान गराउन सुरु गरेपछि, एकजना वेटर आएर एमीलाई "म्याडम, तपाईंले रेस्टुरेन्टमा स्तनपान गराउन पाउनुहुन्न। मलाई  माफ गर्नुहोला तपाईं यहाँवाट बाहिर जानुपर्नेछ" भनी बताउँछन्। यो एमीलाई सेवा प्रदान गर्न अस्वीकार गरेर रेस्टुरेन्टद्वारा स्तनपान गराउन महिलाविरूद्ध गरिएको सम्भावित गैर-कानूनी प्रत्यक्ष भेदभाव हुनसक्छ।

*अप्रत्यक्ष भेदभाव* – यसको अर्थ स्तनपान गराउने वा नगराउने भन्ने कुरालाई ध्यानमा नराखी, सबै व्यक्तिहरूमा कुनै आवश्यकता वा अवस्था (सर्त) लागू गर्ने हो, तर:

- यसलाई पालना गर्न सक्ने स्तनपान नगराउने व्यक्तिहरूको अनुपातभन्दा स्तनपान गराउने महिलाको अनुपात विशेष रूपमा कम हुने ;
- आवश्यकता वा अवस्था न्यायोचित नहुने ; र

- त्यो आवश्यकता वा अवस्था स्तनपान गराउने महिलाले पालना गर्न नसक्ने कारण उनीहरूको अहितमा हुने भन्ने हो ।

**उदाहरण:** कुनै शपिङ सेन्टरको आफ्ना सबै शौचालयहरू र बाल स्याहार कक्षलाई तोडफोड हुनबाट वा अनुचित उद्देश्यहरूको लागि प्रयोग हुनबाट रोक्नका लागि हरेक समय बन्द गरेर राख्ने नीति छ, यद्यपि यस्तो घटना पहिले कहिल्यै भएको छैन । सुविधाहरू प्रयोग गर्न चाहने जोकोहीले पनि व्यवस्थापनको कार्यालयमा जानुपर्छ र कोठाहरू खोल्नको लागि चावी लिनुपर्छ र प्रयोग गरिसके पछि चावी फिर्ता गर्नुपर्छ । यसले शिशुहरू लिएर यात्रा गर्ने महिलालाई व्यवस्थापन कार्यालय शौचालय र बाल स्याहार कक्षभन्दा केही टाढा भएको अवस्थामा धेरैने असहज गराउँछ । शौचालयहरू र बाल स्याहार कोठा बन्द राख्ने आवश्यकता सबैजनामा लागू भएतापनि यसले सम्भावित स्तनपान गराइरहेका महिलामा अहितकारी प्रभाव पार्न सक्छ र गैर-कानूनी अप्रत्यक्ष स्तनपानसँग सम्बन्धित भेदभाव भएको हुन सक्छ ।

स्तनपान दूर्व्यवहार – स्तपान गराउने महिलामा हुने उत्पीडन दुई प्रकारका हुन्छन् । यो कुनै व्यक्तिले निम्न कार्य गरेर स्तनपान गराइरहेको आधारमा कुनै महिला माथि दूर्व्यवहार गर्दा लागू हुन्छ:

- स्तनपान गराइरहेकी महिला माथि अवाञ्छनीय व्यवहार
  कुनै व्यक्ति अवाञ्छनीय व्यवहारमा संलग्न हुने, जुन व्यवहारको सबै परिस्थितहरूलाई बिचारगर्दा कुनै उचित व्यक्तिले उक्त व्ययहारद्वारा उक्त महिला अपमानित भएको, हिनतावोध महसुस गरेको वा भएभित भएको भनी आलंकन गर्दछ ।
- प्रतिकूल वा भयभित गर्ने वातावरण सिर्जना गर्ने
  कुनै व्यक्तिले एक्लै वा अन्य व्यक्तिहरूसँग मिलेर महिलाको लागि प्रतिकूल वा भयभित गर्ने वातावरण सिर्जना गर्ने कार्य ,

यस्ता व्यवहारमा महिलालाई वा महिलाको उपस्थितिमा मौखिक वा लिखित रूपमा गरिएका टिप्पणीहरू पर्दछन् ।

**उदाहरण**: जेनिस र उनको श्रीमानले आफ्नो नवजात शिशुलाई रेस्टुरेन्टमा लैजान्छन् । उनीहरू रेस्टुरेन्टको टेबलमा बस्ने साथ, जेनिसले आफ्नो बच्चालाई स्तनपान गराउन सुरु गर्छिन् । जेनसिले स्तनपान गराइरहदा, दुई जना वेटरले "कस्तो घिनलाग्दो, कसरी केही महिलाले सार्वजनिक स्थानमा स्तनपान गराउन चाहन्छन्' भनेर कुरा गरिरहेको सुन्छिन् । त्यसपछि, एउटा वेटर जेनिस भएकी ठाँउमा आउँछ र उनलाई "हाम्रो रेस्टुरेन्टमा अन्य ग्राहकहरूलाई नराम्रो लाग्ने भएकोले स्तनपान गराउन अनूचित हुन्छ" भनेर बताउँछ । यो व्यवहारले जेनिसलाई अपमानित र हिनताबोध महसुस गराउँछ र सम्भवतः यसले रेस्टुरेन्टको सेवा प्रयोगकर्ताको रूपमा जेनिस माथि गैर-कानूनी स्तनपान दूर्व्यवहार भएको सम्भावना हुनसक्छ ।

*अत्याचार* – यसको अर्थ पीडित व्यक्तिले निम्न कुराहरू गरेको वा गर्ने विचार गरेको वा गरेको वा गर्ने विचार गरेको शंका गरिएको कारणले तुलनात्मक परिस्थितिहरूमा कुनै व्यक्ति (भेदभावकर्ता) ले अर्को व्यक्ति (पीडित व्यक्ति) लाई अन्य व्यक्तिहरूभन्दा कम अनुकूलपूर्ण व्यवहार गर्ने भन्ने हो:

- भेदभावकर्ता वा अन्य कुनै व्यक्तिले SDO अन्तर्गत गैर-कानूनी स्तनपान भेदभाव वा दूर्व्यवहार गरेको भनी आरोप लगाएको;

- SDO अन्तर्गत स्तनपान भेदभाव  दूर्व्यवहारको लागि भेदभावकर्ता वा अन्य कुनै व्यक्ति विरूद्ध कार्यवाहीहरू गरेको;
- SDO अन्तर्गत स्तनपानसँग सम्बन्धित भेदभाव वा दूर्व्यवहारको लागि भेदभावकर्ता वा कुनै अन्य व्यक्ति विरूद्ध कुनै व्यक्तिद्वारा ल्याइएको कार्यवाहीहरू (मुद्दा) को सम्बन्धमा प्रमाण वा जानकारी दिएको; वा
- उसको अलावा, भेदभावकर्ता वा अन्य कुनै व्यक्तिको सवालमा SDO अन्तर्गत स्तनपान भेदभाव वा दुर्व्वहारका प्रावधानहरू अन्तर्गत वा यसको सन्दर्भमा कुनै पनि कार्य गरेको ।

**उदाहरण:** जुडी हङकङमा कन्ट्री क्लबको सदस्य हुन् । उनी र उनको श्रीमानले हालैमा धर्म छोरा ग्रहण गरेका थिए र खाना खानको लागि आफ्नो बच्चालाई कन्ट्री क्लबमा थिए । जुडीले आफ्नो बच्चालाई कन्ट्री क्लबमा स्तनपान गराउन सुरु गरेपछि, अन्य सदस्यहरूले उजुरी गर्न सक्ने भएकाले कुनै कर्मचारीले उनहाँलाई क्लबमा स्तनपान गराउन अनुमति दिइएको छैन भनी बताउछन् । जुडीले आफूलाई स्तनपान गराउन अस्वीकार गरेको कारण क्लब  विरूद्ध स्तनपान भेदभाव सम्बन्धी उजुरी दायर गर्छिन् । क्लबले भेदभावको समस्यालाई सम्बोधन नगरिकन कयौं हप्तापछि अनुचित उजुरीको कारण जुडीको क्लबको सदस्यता खारेज गरिएको छ भनी उल्लेख गर्दै पत्र मार्फत प्रतिक्रिया जनाउँछ । यो सम्भावित प्रत्यक्ष स्तनपान भेदभाव र गैर-कानूनी अत्याचार हुनसक्छ ।

**रोजगारदाता र प्रमुख (प्रिन्सिपल) हरूको दायित्व:** रोजगारदाताहरू आफ्ना कर्मचारीहरूले रोजगारीको अवधिमा कुनै पनि भेदभावकारी कार्यका गरेमा उनीहरू  कानूनी रूपमा जिम्मेवार हुन्छन् , चाहे त्यो कार्य रोजगारदाताको जानकारी वा स्वीकृति सहित वा वगेर गरिएको भएता पनि । रोजगारदाताले कर्मचारीलाई भेदभावपूर्ण कार्यहरू गर्नबाट रोक्नका लागि उचित व्यवहारिक कदमहरू अपनाएको पुष्टि गर्न सक्दा बाहेकको अवस्थामा रोजगारदातालाई कर्मचारीद्वारा गरिने भेदभावकारी कार्यहरूका लागि जिम्मेवार ठहर गरिनेछ ।

साथै, प्रमुखको अनुमति (स्पष्ट अभिव्यक्ति वा अन्तर्निहित जे भएपनि, पहिले वा पछि जे  भएपनि) ले प्रमुखको एजेन्टको रूपमा व्यक्तिद्वारा गरिएको कुनै पनि कार्यलाई प्रमुखद्वारा गरिने कार्यको रूपमा व्यवहार गरिनेछ ।

**भेदभाव गर्ने निर्देशन र दबाव:** कुनै पनि व्यक्तिले भेदभाव गर्ने निर्देशन दिने वा स्तनपानको आधारमा अर्को व्यक्तिलाई भेदभाव गर्न दबाब दिने कार्य गैर-कानूनी हुन्छ ।

**गैर-कानूनी कार्यलाई सहायता गर्ने:** SDO अन्तर्गत स्तनपानसँग सम्बन्धित गैर-कानूनी कार्य गर्न अर्को व्यक्तिलाई जानीबुझी सहायता गर्ने व्यक्तिलाई SDO को उद्देश्यको लागि आफैले गरेको गैरकानूनी कार्य भनेर मानिने छ ।

## वस्तु, सुविधा र सेवाहरूको प्रावधान

SDO अन्तर्गत, वस्तु, सुविधा वा सेवाहरूको प्रावधान (पैसा तिरेर वा नतिरी लिने सेवा) सँग सम्बन्धित कुनै पनि व्यक्तिले सर्वसाधारण वा सर्वसाधारको समूहलाई सेवा प्रदान गर्दा,  स्तनपान गराएको कारणले कुनै महिलालाई निम्न कुरा गरेर भेदभाव गरेमा गैर-कानूनी हुन्छ:

- उनलाई कुनै पनि वस्तु, सुविधा वा सेवाहरू उपलब्ध गराउन अस्वीकार गर्ने वा जाना-जानी उपलब्ध गराउन चुकेमा; वा

- सर्वसाधारण पुरुष सदस्यलाई जस्तै समान (उस्तै) गुणस्तर, समान (उस्तै) तरिका तथा समान (उस्तै) सर्तमा उनलाई वस्तु, सुविधा वा सेवाहरू उपलब्ध गराउन अस्वीकार गर्ने वा जानी-जानी उपलब्ध गराउने चुकेमा।

महिलाले स्तनपान गराइरहेको आधारमा कुनै व्यक्तिले उनलाई दूर्व्यवहार गर्नु पनि गैर-कानूनी हो:

- महिलालाई वस्तु, सुविधा वा सेवाहरू उपलब्ध गराउने वा उपलब्ध गराउने दौरानमा; वा
- उनलाई वस्तु, सुविधा वा सेवाहरूको पहुँच गर्ने दौरानमा वा वस्तु, सुविधा वा सेवाहरू उपलब्ध गराउँदा।

## सुविधा र सेवाहरूका उदाहरणहरू

- सर्वसाधारण व्यक्ति वा समुदायको कुनै समूललाई प्रवेश गर्न अनुमति दिइएको कुनै पनि ठाउँको पहुँच वा प्रयोग;
- होटल, अतिथि गृह वा अन्य समान संस्थानमा आवास;
- बैंकिङ वा बीमाको सुविधाहरू वा अनुदान, ऋण, क्रेडिट वा वित्तीय सुविधाहरू;
- शैक्षिक सुविधाहरू;
- मनोरञ्जन, विहार (रिक्रिएशन) वा जलपानका सुविधाहरू;
- यातायात वा यात्राका सुविधाहरू;
- कुनै पेशा वा उद्योग (ट्रेड) का सेवाहरू; र
- कुनै सरकारी विभागका वा सरकारद्वारा वा सरकारको दायित्व लिएर प्रदान गरिएका कुनै सेवाहरू

**उदाहरण:** साराहले आफ्नो छोरीलाई पार्कमा लिएर जान्छिन्। बच्चा अशान्त भएकोले, साराहलाई उनी भोकाएको जस्तो लाग्छ। त्यसपछि उनी बेन्चमा बस्छिन् र पार्कमा आफ्नो छोरीलाई स्तनपान गराउन सुरु गर्छिन्। पार्कको सुरक्षा अधिकारीले साराहलाई स्तनपान गराएको देख्छन् र उनलाई पार्कमा बालस्याहार कोठा छ भनी बताउँछन्। उनले पार्कको खुल्ला सार्वजनिक क्षेत्रमा स्तनपान गराउनुभन्दा बालस्याहार कोठा प्रयोग गर्नुपर्ने भयो। साराहले अस्वीकार गर्छिन् र आफू आफ्नो बच्चालाई स्तनपान गराउने कार्यको बीचमा भएको भनी भन्छिन्। सुरक्षा अधिकारीले साराहलाई रोक्न वा तुरून्तै पार्क छोड्न भन्छन्। यो सम्भावित प्रत्यक्ष स्तनपान भेदभाव हुनसक्छ। त्यहाँ बालस्याहार सुविधा भएता पनि र धेरै महिलाले यसलाई प्रयोग गर्न रूचाएतापनि, स्तनपान गराउने महिलालाई यो प्रयोग गर्न बाध्य बनाइनु हुँदैन। स्तनपान गराउने महिला बालस्याहार कोठामा भन्दा सार्वजनिक स्थलमा स्तनपान गराउने छनोट गर्न हकदार हुनुहुन्छ हुन्छन्।

## वस्तु, सुविधा र सेवाहरूका प्रदायकहरू**का लागि** राम्रा अभ्यासहरू

### 1. स्तनपान सम्वन्धी लिखित नीति विकास गर्ने

स्तनपान बारे लिखित संस्थाको नीति विकास गर्नुहोस्, जसले स्तनपान गराउनमा सहायता गर्न र स्तनपान मैत्री वातावरण सिर्जना गर्न संस्थाको प्रतिबद्धतालाई उल्लेख गर्ने।

### 2. स्तनपान गराउनका लागि उपयुक्त सुविधाहरू उपलब्ध गराउने

गोप्य ठाउँमा स्तनपान गराउन चाहने आमाहरूको लागि परिसरहरूमा थप गोपनीयता भएका ठाउँहरू पहिचान गर्नुहोस् र उपयुक्त सुविधाहरू उपलब्ध गराउनुहोस्।

### 3. कर्मचारीलाई प्रशिक्षणको व्यवस्था मिलाउने

प्रत्येक कर्मचारीसँग स्तनपान मैत्री वातावरण उपलब्ध गराउने संस्थाका नीति र अभ्यासहरूको बारेमा कुराकानी गर्नुहोस् । कर्मचारीहरू नीतिसँग परिचित भएका, स्तनपान गराउने स्थान र सुविधाहरूको बारेमा ज्ञान पाएका र स्तनपानका सामान्य परिदृश्यहरू व्यवस्थापन गर्न योग्य भएका छन् भनी सुनिश्चित गर्नुहोस् ।

### 4. स्तनपान गराउने नीति र उपायहरूको प्रचार गर्ने

स्तनपान गराउने आमाहरूलाई आवश्यक पर्दा सुविधाहरू फेला पार्न र प्रयोग गर्नको लागि सक्षम बनाउन स्तनपान गराउने मैत्रीपूर्ण उपायहरू र सुविधाहरू बारे संस्थाको वेबसाइट वा सामाजिक मिडिया पृष्ठ जस्ता माध्यमबाट प्रचार गर्नुहोस् ।

## बालस्याहार र स्तनपान सुविधाहरू स्थापना गर्ने

SDO ले स्तनपान गराउने महिलालाई उपलब्ध गराउनु पर्ने सुविधाहरूका प्रकारहरू निर्धारण गर्दैन । तथापि, सरकारले बच्चाहरूको स्याहार गर्ने र स्तनपान गराउने आमाहरूका लागि बालस्याहार र दुग्धपान गराउने कोठाहरू व्यवसायिक भवनहरूमा उपलब्ध गराउनुपर्छ भनी सिफारिस गर्छ ।

भवन विभाग (बिल्डिंग डिपार्टमेन्ट) ले उपलब्ध गराउनुपर्ने बालस्याहार कोठाहरूको सङ्ख्या भवनहरूको किसिम, निवासी र आगन्तुकको आवश्यकतामा आधारित हुनुपर्छ र प्रत्येक भवनमा कम्तीमा पनि एउटा कोठा हुनुपर्छ भनी सुझाव दिएर, व्यावसायिक भवनहरूमा बालस्याहार र दुग्धपान गराउने कोठाहरूको प्रावधानसँग सम्बन्धित विशेष निर्देशन[1] निर्माण गरेको छ।

मार्गनिर्देशनले स्थान, कोठाको आकार र लेआउट, सामान्य डिजाइन आवश्यकताहरूका साथसाथै ती कोठाहरूको सञ्चालन र मर्मत-सम्भारको बारेमा सिफारिसहरू पनि उपलब्ध गराउँछ । वस्तु, सुविधा र सेवाहरूका प्रदायकहरूलाई बालस्याहार र दुग्धपान सुविधाहरू स्थापना गर्नुअघि भवनको विभागको मार्गनिर्देशनलाई सन्दर्भको रूपमा लिन सुझाव दिइन्छ। कुनै पनि अवस्थामा, स्वच्छताका कारणहरूले स्तनपानको लागि शौचालय र बाथरूमहरू कहिल्यै उपयुक्त सुविधाहरू हुँदैनन् ।

## अन्य क्षेत्रहरूमा स्तनपानसँग सम्बन्धित भेदभाव र दूर्व्यवहार

### *शिक्षा*

विश्वविद्यालय र व्यावसायिक प्रशिक्षण संस्था वा कलेजहरू सहित शैक्षिक संस्थाहरूले स्तनपान गराउने महिलालाई निम्न कुरामा भेदभाव गर्ने कार्य गैर-कानूनी हुन्छ:

- महिलालाई विद्यार्थीको रूपमा भर्ना गर्न उनलाई प्रस्ताव गरिएका सर्तहरूमा: वा
- संस्थानमा विद्यार्थीको रूपमा नीजको भर्नाको आवेदनलाई नकारेर वा जाना-जानी नलिएर;

---

[1] आधिकारिक व्यक्ति, पञ्जीकृत स्टकचरल इन्जिनियर र पञ्जीकृत जियोटेक्निकल इन्जीनियर, व्यवसायिक भवनहरूका वालस्याहार कक्ष तथा दूग्धपान कक्षको प्रावधान सम्वन्धी अभ्यास नोट, ADV-32, नोभेम्वर 2018 मा संशोधित ।

स्तनपान गराउने महिला विद्यार्थी भएको संस्थामा, संस्थाले महिलालाई भेदभाव गर्नु गैर-कानूनी हो:

- यसले कुनै लाभ, सुविधा वा सेवाहरूमा उनलाई पहुँच गर्न दिने तरिकामा वा उनलाई उक्त सुविधा तथा सेवाहरूमा पहुँच गर्नबाट अस्वीकार गरेर वा जाना-जानी पहुँच गर्न नदिएर; वा
- उनलाई संस्थानबाट निकालेर वा उनलाई अन्य कुनै हानि गरेर ।

निम्न अवस्थाहरूमा महिलाले स्तनपान गराइरहेका आधारमा शैक्षिक संस्थानले  दूर्व्यवहार गर्नु पनि गैर-कानूनी हुन्छ:

- संस्थानको विद्यार्थी हुन खोजिरहेको वा विद्यार्थी भएको महिलालाई दूर्व्यवहार गर्ने शैक्षिक संस्थानको जिम्मेवार निकाय;
- संस्थानको विद्यार्थी हुन खोजिरहेको वा विद्यार्थी भएको महिलालाई दूर्व्यवहार गर्ने शैक्षिक संस्थानको कर्मचारी-सदस्य
- संस्थानको विद्यार्थी हुन खोजिरहहेको वा विद्यार्थी भएको महिलालाई दूर्व्यवहार गर्ने शैक्षिक संस्थानको विद्यार्थी; वा
- संस्थानको जिम्मेवार निकाय (सदस्य) भएकी महिलालाई दूर्व्यवहार गर्ने शैक्षिक संस्थानको विद्यार्थी हुन खोजिरहेको वा विद्यार्थी भएको व्यक्ति ।

## *परिसरहरूको व्यवस्थापन र नियन्त्रण*

हङकङमा परिसरहरूको सम्बन्धंमा कुनै व्यक्तिसँग नियन्त्रण गर्ने शक्ति (बिक्री गर्ने, भाडामा दिने, ठेकामा दिने वा उप-ठेकामा दिने) भएको अवस्थामा स्तनपान गराउने महिलाविरूद्ध भेदभाव गर्ने कार्य गैर-कानूनी हुन्छ:

- उसले उनलाई ती परिसरहरू प्रस्ताव गरेका सर्तहरू;
- ती परिसरहरूका लागि उनको आवेदन अस्वीकार गरेर; वा
- उक्त विवरणका परिसरहरू आवश्यकता भएका व्यक्तिहरूको तुलना उनलाई गरिने व्यवहारमा ।

स्तनपान गराउने महिला विरूद्ध  परिसरको नियन्त्रणका लागि इजाजतपत्र वा सहमति रोक्का गरेर उनीहरू विरूद्ध भेदभाव गर्नु घरधनी वा अन्य व्यक्तिको लागि पनि गैर-कानूनी हुन्छ, जहाँ नियन्त्रणको लागि घरधनी वा अन्य व्यक्तिको इजाजतपत्र वा सहमति आवश्यक पर्छ (उदाहरणको लागि बहालवाला वा उप-ठेक्काको नियुक्ति) ।

निम्न कुराहरू पनि परिसहरूको सम्बन्धमा गैर-कानूनी हुन्छन्:

- कुनै परिसर नियन्त्रण गर्ने शक्ति भएका व्यक्तिहरूको हकमा,  महिलालाई कुनै परिसरहरू उपलब्ध गराउन प्रस्ताव वा उपलब्ध गराउने दौरानमा स्तनपान गराइरहेको आधारमा महिलालाई दूर्व्यवहार गर्नु;
- परिसर व्यवस्थापन गर्ने व्यक्तिले परिसरमा रहेर स्तनपान गराइरहेका आधारमा कुनै महिलालाई दूर्व्यवहार गर्नु; वा
- किरायदारीको सम्बन्धमा, अनुमतिपत्र वा मन्जुरी आवश्यक पर्ने परिसरहरूको नियन्त्रणका लागि अनुमतिपत्र वा मञ्जुरी खोजिरहेको कुनै महिलालाई स्तनपान गराइरहेको कारणले घरधनी वा अन्य कुनै व्यक्तिले दूर्व्यवहार गर्नु ।

*क्लबहरूमा सहभागिता*

क्लब, क्लबको व्यवस्थापन समिति वा क्लबको व्यवस्थापन समितिको कुनै सदस्यले स्तनपान गराइरहेको प्रत्याशित महिला सदस्य विरूद्ध भेदभाव गर्नु गैर-कानूनी हो :

- सदस्यताका लागि उनको आवेदन अस्वीकार गरेर वा  लिन असफल भएर; वा
- क्लब उनको सदस्यता लिनका लागि तयार हुने सर्त वा अवस्थाहरूमा।

विद्यमान सदस्यहरूको सम्बन्धमा, क्लबको सदस्य भएको स्तनपान गराउने कुनै महिला विरूद्ध क्लब, क्लबको व्यवस्थापन समिति वा क्लबको व्यवस्थापन समिति सदस्यले भेदभाव गर्नु गैरकानूनी हो:

- उनलाई प्रदान गरिएका सदस्यताका सर्तहरू वा अवस्थाहरू;
- विशेष श्रेणी वा सदस्यताको प्रकारको लागि उनको आवेदन अस्वीकार गरेर वा लिन असफल भएर;
- क्लबद्वारा उपलब्ध गराइएका कुनै पनि लाभ, सेवा वा सुविधामा उनको पहुँचलाई अस्वीकार गरेर वा सीमित गरेर;
- उनलाई सदस्यताबाट  वञ्चित गराएर वा फरक सर्तहरू राखेर ; वा
- उनलाई अन्य कुनै हानि गरेर

क्लब, क्लबको व्यवस्थापन समीति वा क्लबको व्यवस्थापन समीतिको सदस्यले  लागि  स्तनपान गराइरहेको आधारमा क्लबको सदस्य भएको वा सदस्य हुन आवेदन दिएकी कुनै महिलालाई दूर्व्यवहार गर्नु पनि गैर-कानूनी हुन्छ।

*सरकार*

सरकारले स्तनपान गराउने महिलालाई आफ्नो कार्य वा शक्तिहरूको प्रयोगको सम्पादन र वस्तु, सुविधा वा सेवाहरू वा शिक्षा उपलब्ध गराउँदा भेदभाव गर्नु गैरकानूनी हो।

## स्तनपान मैत्री वातावरण सिर्जना गर्ने

### गर्न हुने कुराहरू

- ✓ कुनै पनि समय र ठाउँमा स्तनपान गराउन छनोट गर्ने आमाको स्वतन्त्रतालाई सम्मान गर्ने।
- ✓ सुरक्षा सरोकार वा मार्ग अवरोध नभएसम्म स्तनपान गराइरहेकी आमालाई बाधा नपुऱ्याउने।
- ✓ स्तनपान गराउँदा थप गोपनीयता चाहने आमालाई उपयुक्त स्थान उपलब्ध गराउने।
- ✓ अन्य ग्राहक वा सेवा प्रयोगकर्ताहरूलाई स्तनपान गराउने आमा र बच्चाहरूका आवश्यकताहरू बारे व्याख्या गर्ने।

### गर्न नहुने कुराहरू

- ✗ स्तनपान गराइरहेकी आमालाई स्तनपान गराउन रोक्न, ढाकछोप गर्न वा परिसर छोड्न जान अनुरोध गर्ने।
- ✗ आमालाई परिसरको बालस्याहार कोठामा जानुपर्छ भनी कर गर्ने।
- ✗ आमाहरूलाई आफ्ना बच्चाहरूलाई शौचालयमा स्तनपान गराउन भन्ने।

## स्तनपान मैत्री वातावरण स्थापना गर्ने बारेमा स्रोतसामग्रीहरू:

- रोजगार र सम्बन्धित क्षेत्रहरूमा स्तनपान गराउने बारेमा मार्गदर्शन, EOC
- वस्तु, सुविधा र सेवाहरूको प्रावधानमा स्तनपान गराउने बारेमा मार्गदर्शन, EOC
- स्तनपान मैत्रीर्ण परिसर स्थापना गर्ने बारेमा मार्गदर्शन, स्वास्थ्य विभाग

- आधिकारिक व्यक्तिहरू, पञ्जिकृत संरचनात्मक इन्जिनियरहरू र पञ्जिकृत भूप्राविधिक इन्जिनियरहरू, व्यावसायिक भवनहरूमा बालस्याहार कोठाहरू र स्तनपान गराउने कक्ष तथा दूग्धपान कक्षको प्रावधान सम्वन्धी अभ्यास नोट, ADV-32, भवन विभाग

## तपाईंलाई स्तनपानसँग सम्बन्धित भेवाभाव वा दूर्व्यवहार भएमा तपाईंले के गर्न सक्नुहुन्छ ?

माथि उल्लिखित गरिएका क्षेत्रहरूमा स्तनपानको कारणले कसैले आफू माथि भेदभाव वा दूर्व्यवहार गरिएको छ भनी महसुस गरेमा EOC मा **लिखित** उजुरी दायर गर्न र निम्न च्यानलहरूमध्ये एउटा मार्फत EOC मा उजुरी पेश गर्न सक्नेछन् :

हुलाकद्वारा पठाइने पत्र

EOC वेबसाइटमा उपलब्ध अनलाइन फाराम

फ्याक्स

EOC कार्यालयमा व्यक्तिगत रूपमा गएर

भेदभाव विरोधी अध्यादेशहरूसँग सम्बन्धित सोधपूछ: अन-लाइन अनुसन्धान फाराम
भेदभाव विरोधी अध्यादेशहरूसँग सम्बन्धित उजुरी: अन-लाइन उजुरी फाराम
EOC का सेवाहरूसँग सम्बन्धित सोधपूछ र उजुरी: अन-लाइन फाराम

---

थप जानकारीका लागि, कृपया सम्पर्क गर्नुहोस्:
**समान अवसर आयोग**
**(Equal Opportunities Commission)**

टेलिफोन: (852) 2511 8211 (साधारण सोधपूछका लागि मात्र)
फ्याक्सः (852) 2511 8142
ठेगानाः 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong
इमेलः eoc@eoc.org.hk (साधारण सोधपूछका लागि मात्र)
SMS सेवा: 6972566616538 (सुन्ने/बोल्ने समस्याहरू भएका व्यक्तिहरूद्वारा सोधपूछको लागि मात्र)

(भेदभाव विरोधी अध्यादेशहरू अन्तर्गत भेदभाव सम्बन्धी सोधपूछ र उजुरीहरूको लागि, कृपया माथि उल्लेखित अनलाइन फारामहरू प्रयोग गर्नुहोस् ।)

平 等 機 會 委 員 會
EQUAL OPPORTUNITIES COMMISSION

अप्रिल 2021

नोट : यो हातेपर्चा (लिफलेट) सन्दर्भ समाग्रीको लागि मात्र हो र यसलाई कानूनी सल्लाहको विकल्पको रूपमा लिइनु हुँदैन ।